# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, माघ २६ गते २०५८ साल (अतिरिक्ताङ्क ६६ (ख)


## भाग ३

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आर्थिक ऐन, २०३१ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी आर्थिक ऐन, २०५८ को अनुसूची-६ को दफा ४२ मा व्यवस्था भए अनुसार जस्तोसुकै श्रोतबाट प्राप्त गरेको आय भए पनि आयकर ऐन, २०३१ तथा साविकमा प्रचलित नेपाल कानून बमोजिम आयकर लाग्ने त्यस्तो आयबाट २०५७ असार मसान्तसम्ममा सम्पत्ति आर्जन गरेको तर त्यस्तो आयमा आयकर नतिरी सोबाट करदाताले जोडेको सम्पत्ति र सो सम्पत्तिको आयश्रोत समेत छानबिन गरी आय निर्धारण गरी सो आयमा कानून बमोजिम लाग्ने कर तथा जरिवाना निर्धारण गरी आयकर असुल उपर गर्न गराउन तथा कर जरिवाना नतिरेमा आयकर ऐन, २०३१ को दफा ३७ को उपदफा (३) तथा आर्थिक ऐन, २०५८ को अनुसूची-६ को दफा ४२ को उपदफा (२) बमोजिम सम्पत्ति कब्जा तथा जफत समेत गर्ने प्रयोजनको लागि देहाय बमोजिमको आय निर्धारण समिति गठन गरी देहाय बमोजिमको काम, कर्तव्य र अधिकार तोकेकोले यो सूचना प्रकाशित गरिएको छ :–

१. समितिको गठनः आय निर्धारण समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहने छन्ः–

(क) श्री अवनीन्द्रकुमार श्रेष्ठ, उप-महानिर्देशक,
आन्तरिक राजश्व विभाग —अध्यक्ष


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११२५

(ख) राजश्व अनुसन्धान विभागका महानिर्देशकले तोकेको सो विभागका निर्देशक —सदस्य

(ग) सम्बन्धित आन्तरिक राजश्व कार्यालयका कार्यालय प्रमुख —सदस्य

(घ) श्री भरतराज सुवेदी, प्रमुख कर अधिकृत, १ नं. आन्तरिक राजश्व कार्यालय, काठमाडौं —सदस्य-सचिव

२. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) आयकर ऐन, २०३१ अनुसार कर अधिकृतलाई भएको अधिकार ।

(ख) आयकर ऐन, २०३१ को दफा ३७ को उपदफा (३) बमोजिमको अधिकार ।

(ग) आयकर ऐन, २०३१ को दफा ४६ अनुसार जाँच तथा खानतलासी लिने र अभिलेखहरू प्राप्त गर्ने अधिकार ।

(घ) आयकर ऐन, २०३१ को दफा ५६ को उपदफा (३) अनुसार महानिर्देशकलाई भएको अधिकार ।

(ङ) राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम अनुसन्धान अधिकृतले प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार ।

(च) आर्थिक ऐन, २०५८ को अनुसूची–६ को दफा ३८ अनुसार कर अधिकृतलाई भएको अधिकार ।

(छ) आर्थिक ऐन, २०५८ को अनुसूची– ६ को दफा ४२ को उपदफा (२) बमोजिम सम्पत्ति जफत गर्ने अधिकार ।

३. अनुसन्धान अधिकृत तोक्न तथा विशेषज्ञ सेवा लिन सक्नेः समितिले आफ्नो कार्य सम्पादनको लागि कुनै अधिकृतलाई अनुसन्धान अधिकृत तोकी निज मार्फत छानबिन गराउन र विशेषज्ञको सेवा वा प्रतिवेदन लिन सक्ने छ । यसरी नियुक्त अनुसन्धान अधिकृतले समितिको अधिनमा रही राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम अनुसन्धान अधिकृतले प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

४. कार्यालय वा मुकाम खडा गर्नेः समितिले आवश्यकता अनुसार नेपाल अधिराज्यभर कुनै ठाउँमा कार्यालय वा मुकाम खडा गरी काम गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. आय निर्धारण गर्दा अपनाउनु पर्ने आधारः समितिले दफा २ मा उल्लेख भएको अधिकार प्रयोग गर्दा अपनाउनु पर्ने अनुसन्धान विधि तथा कार्य प्रकृया आफैं निधारण गर्नेछ । यसरी अनुसन्धान गरी खूद आय निर्धारण गर्दा आयकर ऐन, २०३१ को दफा ३३ को उपदफा (२) मा उल्लेख भएका आधारहरूको अतिरिक्त सोही ऐनको दफा ४० को उपदफा (४) अनुसार निम्न आधारहरू पनि लिन सक्ने गरी तोकिएको छः–

(क) २०५७ आषाढ मसान्तसम्मको कर नतिरी आर्जन गरेको सम्पत्तिको २०५८ श्रावण १ गते कायम रहेको मूल्यको आधार ।

(ख) आयकर ऐन, २०३१ को दफा १० को खण्ड (क) र (ख) बमोजिम अन्य श्रोतको आय निर्धारण गर्ने आधार ।

(ग) करदाताले कर तिरी सकेको वा कर तिर्नु नपर्ने आयबाट आर्जित सम्पत्ति हो भनी प्रमाणित गर्न नसकेको सम्पत्तिलाई कर नतिरेको आयबाट आर्जित सम्पत्ति मानी खूद आय निर्धारण गर्ने प्रयोजनको लागि मूल्यांकनमा समावेश गर्ने आधार ।

(घ) आर्थिक ऐन, २०५८ को अनुसूची–६ को दफा ४२ बमोजिम स्वयं घोषणाद्वारा आयकर तिर्ने प्रयोजनको लागि सोही दफाको उपदफा (६) अनुसार साविकमा तोकिएको ढाँचा र सम्पत्ति मूल्यांकन प्रकृयाको आधार ।

६. आयकर निर्धारण गर्नेः समितिले कायम गरेको आयमा आर्थिक ऐन, २०५८ बमोजिम समितिमा कार्यरत कर अधिकृतले कर निर्धारण गर्नेछ ।

७. कार्यावधिः समितिको कार्यावधि २०५९ वैशाख मसान्तसम्म हुने छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1925